# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, असोज १६ गते, २०७९ साल (अतिरिक्ताङ्क ४१

## भाग ५

## निर्वाचन आयोगको

## सूचना

## निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९

**प्रस्तावनाः** निर्वाचन आचारसंहिता, २०७९ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचारसंहिता बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आचारसंहिताको नाम "निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९" रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>निर्वाचन आचारसंहिता, २०७९ को दफा २ मा संशोधनः</u>** निर्वाचन आचारसंहिता, २०७९ (यस पछि "मूल आचारसंहिता" भनिएको) को उपदफा (२) को खण्ड (म) मा रहेका "नियत राखी वा नराखी वा उक्त सूचना झुठो हो भन्ने बुझी वा नबुझी" भन्ने शब्दहरुको सट्टा "नियत नराखी वा उक्त सूचना झुठो हो भन्ने नबुझी" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल आचारसंहिताको दफा ५ मा संशोधनः</u>** मूल आचारसंहिताको दफा ५ को,-

(१) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर,

(१) निर्वाचनमा आफैं उम्मेदवार भएका मन्त्री आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचार प्रसारमा संलग्न हुन सक्नेछ।

(२) नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचार प्रसारको काममा संलग्न हुन सक्नेछ।

(३) प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालय मार्फत वा सोझै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेश भित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचार प्रसारको काममा संलग्न हुन सक्नेछ।

(४) स्थानीय कार्यपालिकाका पदाधिकारी आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचार प्रसारको काममा संलग्न हुन सक्नेछ।"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निर्वाचन प्रचार प्रसारमा संलग्न हुने नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचार प्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने,"

४. **<u>मूल आचारसंहिताको दफा १३ मा संशोधनः</u>** मूल आचारसंहिताको दफा १३ को उपदफा (१) को,-

(१) खण्ड (भ) मा रहेका "सम्बन्धित उम्मेदवारले सात दिन भित्र" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित उम्मेदवारले आफैं वा आफ्नो प्रतिनिधि मार्फत मतदान सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (म) को उपखण्ड (३) झिकिएको छ ।

५. **<u>मूल आचारसंहिताको दफा १४ मा संशोधनः</u>** मूल आचारसंहिताको दफा १४ को उपदफा (१) को खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर कुनै मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारी मुख्य प्रचारक भएमा निजले दफा ५ को खण्ड (क) र (क१) मा उल्लिखित व्यवस्थाको पालना गर्नु पर्नेछ ।"

६. **<u>मूल आचारसंहिताको दफा १९ मा संशोधनः</u>** मूल आचारसंहिताको दफा १९ को उपदफा उपदफा (२) को खण्ड (ख) मा रहेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"निर्वाचित भएमा" भन्ने शब्दहरु पछि "निजको मञ्जुरीको आधारमा" भन्ने शब्दहरु थपिएका छन् ।

७. **मूल आचारसंहिताको दफा २७ मा संशोधनः** मूल आचारसंहिताको दफा २७ को खण्ड (ञ) झिकिएको छ ।

८. **मूल आचारसंहिताको दफा ३० मा संशोधनः** मूल आचारसंहिताको दफा ३० को उपदफा (१) को,-

(१) खण्ड (ङ) मा रहेका "सदस्य-सचिव" भन्ने शब्दहरुको सट्टा "सदस्य" भन्ने शब्द राखिएको छ ।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) निर्वाचन कार्यालयको प्रमुख -सदस्य-सचिव"

९. **मूल आचारसंहिताको दफा ३२ मा संशोधनः** मूल आचारसंहिताको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः-

"३२. **निर्वाचन आचारसंहिता अनुगमन अधिकृतः** (१) प्रत्येक जिल्लामा आयोगले तोकेको वा खटाएको नेपाल सरकार वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको रुपमा काम गर्नेछ।

(२) अनुगमन अधिकृतले आयोग र सम्बन्धित जिल्ला आचारसंहिता अनुगमन समितिप्रति उत्तरदायी भई आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्नेछ।"

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी,**
**सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।